नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल नेपाल,

सशस्त्र प्रहरी जवान तालिम शिक्षालय

नौबस्ता, बाँके


## पुराना जिन्सी सामानहरु र सवारी साधनको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/१५ गते ।

सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौबस्ता, बाँकेमा रहेका तपसिल बमोजिमका विभिन्न पुराना जिन्सी सामानहरु र सवारी साधन जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना जिन्सी सामानहरु तथा सवारी साधनको बिवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मारुती एम्बुलेन्स- १ र अन्य पुराना जिन्सी सामानहरु संग सम्बन्धित | ६३,६८०।- | १,०००।- | नामसारी नहुने |

बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय नेपालगंज, बाँकि र सशस्त्र प्रहरी बल नेपाल, सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौबस्ता, बाँकेबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७८/०८/२१ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम ८ औं दिन (मिति २०७८/०८/२२ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी जवान शिक्षालय नौवस्ता बाँकेमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरीनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान शिक्षालय नौवस्ता, बाँकेको कार्यालय कोड नं. ३१४०५५७०२ को कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेको रा.बा.बैंक शाखा कार्यालय नेपालगंज, बाँकेको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु र सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु र सवारी साधन हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस शिक्षालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०८१-४०१०३४ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।